# द टाइम्स माध्यमिक विद्यालय
## डिल्लीबजार, काठमाडौं
### प्रथम त्रैमासिक परीक्षा: २०७६

| | | |
|---|---|---|
| कक्षा: ११ | समूह क | पूर्णाङ्क : १०० |
| सङ्काय: व्यवस्थापन (दिवा समूह) | | उत्तीर्णाङ्क : ४० |
| विषय : नेपाली | | समय : ३ घण्टा |

मौलिक र सिर्जनात्मक उत्तरलाई प्राथमिकता दिइनेछ ।

१.कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनुहोस् :

क, छ, म, य, ह ।

(ख) तल दिइएका शब्दहरूको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :

आँप, छिमेकी, माध्यमिक, शोषणमूलक, सञ्चार ।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

बाग्मति नदी अत्यन्त सुन्दर नदी हो । अहिले यो फोहोर भएका छन् । यसका छेउमा पशुपतीनाथको मन्दिर छ , हाम्रो देसका विभिन्न भागबाट यहाँ दर्सनार्थीहरू आउँछन् । भारतबाट पनि यहाँ पुजा गर्न मान्छेहरू आउँछन् ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३

गाउँमा एक जना बुढा रहेछन् । एक दिन उनलाई भेट्न अर्का बुढा मान्छे आएछन् तर भेट हुन सकेनछ । गाउँलेहरुले कठै ! बिचराले दुःख मात्रै पाए भनेछन् ।

४. तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : २

औद्योगिक कल कारखाना तथा कृषिका आधुनिक औजारको प्रयोगमा कोइला तथा पेट्रोलियम जस्ता जैविक पदार्थ तथा कार्बनमा आधारित ऊर्जाको प्रयोगमा सीमितता ल्याउनु नै वायु मण्डलमा रहेको कार्बन डाइअक्साइडको मात्रा घटाउने प्रमुख उपायहरू हुन् ।

५. तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३ + ३ = ६

क. तलको अनुच्छेद पढी तीन तीन ओटा उपसर्ग र प्रत्यय लागेका शब्द टिप्नुहोस् :

रतिया, सोनवा, राजन बालकैदेखिका पढैया साथी हुन् । उनीहरूले ग्रामीण समाजको एउटै विद्यालयमा पढेका पनि हुन् । मानिस भएपछि सँगै अध्ययन गर्नु वा घुमन्ते जीवन बिताउनु सामान्य कुरा पनि हो । उनीहरू मायालु स्वभावका छन्, झगडीया छैनन् । सुमार्गमा हिँडेको उनीहरूको जीवन कुकर्ममा, कुविचारमा कहिलै लागेन । पढाइ सकेपछि बद्नियत नराखी दुर्गम ठाउँमा सेवा गर्ने उनीहरूले लक्ष्य राखेका छन् ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द टिपी समस्त शब्दलाई विग्रह र द्वित्व शब्दको निमार्ण प्रक्रिया देखाउनुहोस् :

छोराछोरी कसरी पाल्ने भन्ने पिरमा बसेका जनतालाई बाह्रसत्ताइस कुरा गरेर मात्र पुग्दैन । दुईजिब्रे चरित्र भएका नेताहरू आरामकुर्सीमा बसेर देशहितका कुरा त गर्छन् तर आ-आफ्ना कर्तव्यमा इमान्दार भएर समाजका सबै पक्षसित उचित सरसल्लाह गर्दैनन् । उनीहरू समाजमा कामसाम पर्दा टालटुल गररै अगाडि बढ्न खोज्छन् र परेका बेला कहिल्यै मरमद्दत गर्दैनन् ।

ग. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :

यशोधराले मनोरमालाई सरोवरमा स्नान गर्नका निम्ति सँगै जान आग्रह गरिन् । त्यस समयमा मनोरमाले आफूले वयोद्धहरूलाई वागीश्वरी वृद्धाश्रममा रामायण पढेर सुनाउनु पर्ने हुँदा यशोधरासँग जान नसक्ने जानकारी दिइन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

क. तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाएर पुनर्लेखन गर्नुहोस् :

आज बिहान मेरो सानो भाइ घरमा थिएन । मैले आमासित भाइ एकाबिहानै कता गएछ हँ भनेर सोधेँ । आमाले उल्टै मलाई तैले भाइलाई हिजो गाली त गरेको थिइनस् भनेर सोध्नुभयो । मैले हिजो उसलाई कति गुच्चा मात्रै खेल्छस्, लेख्नु पढ्नु पर्दैन भनेर सोध्नुभयो । मैले हिजो उसलाई कति गुच्चा मात्रै खेल्छस्, लेख्नु पढ्नु पर्दैन भनेर झपारेको थिएँ । यति जाबो कुरामा रिसाएर कता हिँड्यो होला त मेरो भाइ ?

ख. वाक्य ढाँचा सहित बहुवचनलाई एक वचनमा परिवर्तन गर्नुहोस् :

हाम्रा साथीहरू विदेश जान चाहन्थे । हामीले विदेश जान खोज्ने विद्यार्थीहरू ठगिएका कुरा उनीहरूलाई बतायौँ । उनीहरूले हाम्रा कुरामा उति ध्यान दिएनन् । घरजग्गा बन्धकी राखेरै भए पनि उनीहरूले पैसा जुटाए । दलालहरूले पैसा खाइ दिएपछि बल्ल बिचराहरूको चेत खुलेछ ।

७.तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : ६

गौरी सारै फुर्तिलो छ । उसले सेता हिमाल देखे । उसको साथी शङ्कर गरिब केटो हुनु हुन्छ । शङ्करका दाजु कवि हो । उनले थुप्रै कविताहरू लेखेको छ । गौरी र शङ्कर मिलेर खेल्छ ।

८.तलका प्रश्नको उत्तर दिनुहोस् : ४

क. तलको अनुच्छेदका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा बदल्नु होस् :

तिम्रो भाइ साह्रै अल्छी थियो । उसलाई कतै पनि केही काम गर्दैनथ्यो । घर वरिपरि एकदमै फोहोर गरि रहन्थ्यो । ऊ कहिल्यै लुगा धुँदैनथ्यो । बिहान चाँडै उठ्न जाँगर गर्दैनथ्यो । उसलाई घरमा सबैले हेला गर्थे । ऊ विदेश गयो । कसैले पनि त्यसको विरोध गरेनन् ।

ख. तलका वाक्यहरूलाई अज्ञात भूतकालमा बदल्नुहोस् : ४

राजनले बिनासँग कलेज जाने कुरा सोध्यो । बिनाले आफू कलेज नजाने कुरा बताई । राजनले बिनालाई आज उसका घरमा के काम छ भनी सोध्यो । बिनाले आज आफ्ना घरमा धेरै काम भएको कुरा बताई ।

९.तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : १०

हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ, त्यस बेला पानी शुद्ध हुन्छ तर जब पानी आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलाका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाउँमा पानी धुँवाका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछा लगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् । खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानी स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक झोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ तर त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैँले भोग्नु पर्ने हुन्छ ।कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएको पानीभन्दा न्यानो हुन्छ । त्यसैले

न्यानो पानी खान र बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् ।पानीसँग सम्बन्धित अरू पनि समस्याहरू हुन सक्छन् । तीमध्ये खानेपानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु, भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो । त्यसै गरी अर्को समस्या हो - बाढी । नदीमा पानीको बहाउ धेरै हुन गई वरपरको  घरखेतमसम्म पानी बग्न सक्छ  । यसको खास कारण हो, वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा झलका रूपमा बग्नु । त्यसो हुनुमा मुख्य कारण जमिनमा हरियालीको कमी भई माटो सुक्खा र कडा हुनु हो ।

प्रश्नहरू :

क. अम्लीय वर्षा कसरी हुन्छ ?

ख. कल कारखानाबाट बग्ने रसायन मिसिएको झोलले कसरी मानिस सङ्कटमा पर्छन् ?

ग. जमिन सुक्खा हुनाको कारण के हो ?

घ. पानीसँग सम्बन्धित यस्ता समस्याको समाधान कसरी गर्न सकिन्छ ?

ङ. अम्लीय र रासायनिक शब्दका अर्थ लेख्नुहोस्  ।

१०. तलको अनुच्छेद पढी एक तृतीयांश लेख्नुहोस् । ५

ऐतिहासिक प्राचीनताका साथै भौगोलिक र सांस्कृतिक दृष्टिबाट पनि नेपालका आफ्नै अद्वितीय विशेषताहरू छन् । पूर्व पश्चिम गरी ५५६ माइल लामो र १०० माइल चौडा, ५६००० वर्गमाइल क्षेत्रफल तथा झन्डै तिन करोड जनसङ्ख्या भएको यो भूपरिवेष्टित र विश्वकै उच्च हिमालको धनी देश नेपाल दक्षिणमा तिनैतिरबाट भारत एवम् उत्तरतर्फ चिनको तिब्बत क्षेत्रद्धारा घेरिएको छ । यो भारतभन्दा आकृतिमा २२ गुणा र जनसङ्ख्यामा ७० गुणा सानो छ । भौगोलिक दृष्टिबाट दक्षिण एसिया र मध्य एसियालाई जोड्ने एउटा महत्वपूर्ण कडीका रूपमा अनि सांस्कृतिक दृष्टिबाट चिन तथा भारतका सभ्यताहरूलाई मिलाउने सङ्गमस्थलका रूपमा यसका विशेषताहरू अतुलनीय छन् । त्यसैले आकृतिमा सानो हुँदाहुँदै पनि ऐनिहासिक, भौगोलिक, सांस्कृतिक र रणनीतिक दृष्टिले नेपालका आफ्नै किसिमका विशिष्टता छन् । यस अर्थमा यससित दाँज्न सकिने अन्य कुनै राष्ट्र संसारमा बिरलै पाइएलान् । यिनै कारणहरूले गर्दा यो विश्वका वैज्ञानिक अनुसन्धानकर्ता, नृतत्वविद्, समाजशास्त्रीहरूका साथै राजनीतिज्ञ, रणनीतिज्ञ सबैका लागि अध्ययन योग्य आकर्षक क्षेत्र हुन पुगेको छ ।

११. हावाहुरीका कारण बिग्रेका लाइन बनाउन आग्रह गर्दै नेपाल विद्युत् प्राधिकरणलाई निवेदन लेख्नुहोस् । ५

१२. 'बढ्दो सहरीकरण' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेख्नुहोस् । ५

१३.तल दिइएका मध्ये कुनै एक शीर्षकमा ३०० शब्दसम्मको निबन्ध लेख्नुहोस् : १०

क. नागरिक अधिकार  र कर्तव्य

ख. मेरो प्रिय गायक

ग. मैले चाहेको नेपाल

१४.कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : १०

क. पौराणिक कथामा मधुकर र मालतीको त मिलन भयो तर मधु मालतीको कथामा शङ्कर र गौरीको किन मिलन हुन सकेन ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

ख. 'आइमाई साथी' निबन्धमा निबन्धकारले व्यक्त गरेका विचारमा तपाईंको सहमति वा विमति के रहेको छ ? आफ्नो  प्रतिक्रिया लेख्नुहोस् ।

१५.कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : १०

क.तलको कविताांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् :

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न<br>
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न<br>
बिम्झौँला हामी पूर्वको पैलो उज्यालै नरहे<br>
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू

१. यो कविताांशमा नेपालको वर्णन कसरी गरिएको छ ?

२. 'पुर्खाका पाइला मेटेर मेटिन्न' भन्नुको तात्पर्य के हो ?

३. पूर्वको पहिलो उज्यालो भनेर केलाई सङ्केत गरिएको हो ?

४. नेपाल नरहे नेपाली किन रहँदैनन् ?

५. यो कविताांशको आशय के हो ?

ख.तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

किसानहरू सबै कुरा सहन सक्छन् परन्तु वस्तुलाई अर्काले दया छाडेर कुटेको हेर्न सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन ।  असार महिनाभरि दिनभर जोत्नुपर्ने गोरु,उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन् । जुरुक्क उठेर भन्यो, बिउ नोक्सानी गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजिते ।

प्रश्नहरू

(अ) किसानहरू किन आफ्ना वस्तुलाई अर्काले कुटेको हेर्न सक्दैनन् ?

(आ) गुमानेको रिसको सीमा किन रहेन ?

(इ) गुमाने र धनजितेको बिच झगडा हुनाको कारण के हो ?

(ई) असारका गोरु किन कुट्नु हुँदैन ?

(उ) 'सीमा' र 'अर्मल' शब्दको अर्थ लेख्नुहोस् ।

ग.तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री-पुरुषको बरावर हक हुनु पर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

प्रश्नहरू

१. नारीलाई नरकको मूल ढोका नठान्नाको कारण के हो ?

२. आधुनिक युवाहरूमा स्त्री-पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

३. पछौटे देशका आइमाईका लागि घर किन झ्यालखाना हो ?

४. माथिको सम्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?

५. लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

१६. 'नेपालै नरहे' कवितामा के कस्तो राष्ट्रियताको भाव अभिव्यक्त भएको छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । ५

समाप्त

## द टाइम्स माध्यमिक विद्यालय
### डिल्लीबजार, काठमाडौं
### प्रथम त्रैमासिक परीक्षाः २०७६

| | | |
|---|---|---|
| कक्षाः ११ | समूह ख | पूर्णाङ्क : १०० |
| सङ्कायः व्यवस्थापन (दिवा समूह) | | उत्तीर्णाङ्क : ४० |
| विषय : नेपाली | | समय : ३ घण्टा |

मौलिक र सिर्जनात्मक उत्तरलाई प्राथमिकता दिइनेछ ।

१.कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तल दिइएका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनुहोस् :

स, ठ, त, व, घ

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :

आँट, रमरम, समय, बेरोजगारी, अविवाहित

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : ५

आज भोलिका युवायुवतीहरू विदेश जाने भनेपछि हुरुक्क हुन्छ । पढ्न लेख्न र सिप सिक्नका लागि विदेश जानु नराम्रो होइन तर उतइ बस्नु हुँदैन । आहा हाम्रा पर्तिभाहरू नेपालै फर्केर केहि गरे त !

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् : ३

भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि पो हाल्दछौ ।

४. तलको अनुच्छेदबाट दुई दुई वटा तद्भव र आगन्तुक शब्द खोजी लेख्नुहोस् :२

मानिसहरू बुइँगलमा बसेर आगो तापि रहेका छन् । खास काम केही छैन । बजारमा पेट्रोल र डिजेलको अभाव भएकोले सरकारले पत्र लेखेर जलमार्गबाट विदेशमा पठाउन लागेको छ ।

५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×३ =६

(क) तलको अनुच्छेदबाट तीन ओटा उपसर्ग व्युत्पन्न शब्द र तीन ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :

हामी तिम्रै प्रतीक्षामा बसेका छौं । दर्शन पाउन पनि निकै गाह्रो भो तिम्रो । तिम्रो आगमन पक्कै पनि स्मरणीय हुनेछ । सम्भव भएसम्म आउनुभन्दा अघि खबर गर नत्र त मेरो परिधान तिमी सुहाउँदो नहुन पनि सक्छ । आमा पनि हर्षित भएर तिम्रा लागि स्वादिलो खाजा बनाउँदै हुनु हुन्छ ।

(ख) तलको अनुच्छेदबाट तीन ओटा समस्त शब्द र तीन ओटा द्वित्व भएर बनेका शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व भएर बनेका शब्दबाट दोहोरिएको अंश छुट्ट्याउनुहोस् :

शयन कक्षमा बुढाबा स्याँस्याँ गर्दै सुति रहेछन् । कोठाबाहिर बिरामी कुरुवाहरूको हुलमुल छ । डाक्टरहरू फटाफट बिरामी जाँचि रहेछन् । झण्डा फर्फर गर्दै हल्लि रहेको छ । दुईजिब्रे चरित्र भएका नेताहरु आराम कुर्सीमा बसेर देशहितका कुरा गर्छन्रे ।

(ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् । आज ब्रह्मर्षि शब्द शुद्धसँग उच्चारण गर्न नजानेर रवीन्द्रको बेइज्जत भयो । साहित्य नीरस हुँदैन तर यसको संरचना बडो जटिल हुँदो रहेछ । घटनाहरू टिपनटापन गरेर मात्रै कहाँ समाजको झझल्को दिन सकिन्छ र ?

६ .तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् । ५

तँ कुरै बुझ्दैनस् । उसले खाना पनि खाएको छैन क्या । मैले पनि कान्छीलाई राम्ररी उपचार गरेकी थिइनँ । ऊ बेहोस भएकी थिई । ऊ सडक दुर्घटनामा परेकी रहिछ ।

७. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : ६

मेरो साथीहरूले विशिष्ट श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गर्‍यो । अहिले उहाँहरू उच्च माध्यमिक विद्यालयमा पढ्छ । मैले पनि राम्ररी पढेको थियो । तिमी चितवन जान्छु भन्थिस् । रमा त हिजै गएछ । तिमी दुई दिन पर्ख, साथीहरू आएपछि सँगसँगै जालास् ।

८. तलका प्रश्नको उत्तर दिनुहोस् : ४×२=८

(क) तलको अनुच्छेदका वाक्यहरूलाई अज्ञात पक्षमा बदल्नुहोस् :

रामले पसलेसँग चिनी छ कि छैन भनेर सोध्यो । पसलेले चिनी भए पनी महँगो पर्ने जानकारी दियो । रामले चिनीको मूल्य बढ्नाको कारण पसलेलाई सोध्यो । पसलेले चिनी ब्राजिलबाट मगाएकाले महँगो परेको कुरा गर्‍यो ।

(ख) तलको अनुच्छेदका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा बदल्नु होस् :

मेरी बहिनी जाँगरिली थिई । उसलाई जतातती फुल रोप्नु पर्थ्यो । घर वरिपरि सफा गरि रहनु पर्थ्यो । ऊ दिनहुँ नुहाउँथी । बिहान चाँडै उठ्न अल्छी गर्दिनथी । उसलाई घरका कुनै सदस्यले हेप्दैनथे । उसले प्रेम विवाह गरी । त्यसलाई कसैले प्रतिवाद गर्न सकेनन् ।

९. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : १०

जोखिम भनेको जीवनमा आइ पर्ने समस्या हो र अझ सामान्य भाषामा तपाईंको जीवनमा आइ पर्ने बाधा वा अप्ठ्यारो हो । अझ जोखिमलाई हानिकै अर्थमा पनि बुझ्ने गरिन्छ तर बिमाको भाषामा यति भनेर जोखिमको अर्थ पूर्ण हुन सक्तैन । बिमामा जोखिम भनेको तपाईंको जीवनमा, व्यवसायमा, सवारी साधनमा केही हुन्छ भनेपछि त्यसका बारेमा शङ्का उत्पन्न हुने र त्यसबाट मुक्त हुने अवस्था पनि हो । यसलाई जोखिमबाट मुक्तिको अवस्था पनि भनिन्छ । अर्को शब्दमा यो आर्थिक सङ्कट निम्त्याउने अवस्था हो र त्यसलाई मानिसले बिमाको माध्यमबाट अन्त्य गर्दछ । अझ जोखिमलाई परिभाषित गर्दा तपाईंले आशा गरेभन्दा फरक नतिजा देखाउने अवस्थाका सन्दर्भबाट पनि हेर्न सकिन्छ । उदाहरणका लागि तपाईं आफ्नो व्यवसायबाट नाफा कमाउँछु भन्ने सोचि रहेको समयमा आगलागी भयो । यो तपाईंले आशा गरेभन्दा फरक अवस्था हो वा जोखिम हो । अझ आफ्नो बच्चाको पढाइ खर्च जुटाउँदै गर्दा तपाईं निकै ठुलो दुर्घटना वा रोगको सिकार हुनु भयो । यस्तो अवस्था दुर्भाग्यवश हुन्छ र यो एउटा अप्रिय घटना हो त्यसैले जोखिम हानि नोक्सानीको सम्भावनालाई अन्त्य गर्ने उपायको खोजी पनि हो र खतरापूर्ण अवस्थाको संयोजन पनि हो ।

बिमा व्यवसायले जीवनमा आइ पर्ने खतरा वा भवितव्य रोक्न सक्दैन । यसले भूकम्प, बाढी, पहिरो, रोगव्याधि आदिलाई छेक्न सक्तैन तर यस्ता विपत्तिबाट हुने आर्थिक क्षतिबाट एक हदसम्म राहत दिन्छ । वित्तीय रूपमा हुने हानि नोक्सानीको क्षतिपूर्ति प्रदान गरेर बिमाले जोखिमबाट बच्न सहयोग गर्छ । यही आधारमा जोखिमलाई बिमाको केन्द्र वा मूलाधारका रूपमा लिने गरिन्छ । त्यसैले बिमालाई खतराबाट मुक्तिको माध्यम पनि भनिन्छ ।

बिमाबाट तपाईंका सबै समस्या समाधान हुन्छन् भन्ने होइन न त बिमाले तपाईंका सबै आर्थिक समस्याको नै समाधान गर्छ । यसले जोखिम निर्मूल गर्ने होइन तर जोखिमपूर्ण धन वा जीवनमाथि आइ पर्ने आर्थिक सङ्कटलाई न्यूनीकरण गर्दछ ।

प्रश्नहरू :
क) बिमाका भाषामा जोखिम भनेको के हो ?
ख) जोखिम र बिमाका बिचमा के सम्बन्ध रहेको छ ?
ग) बिमा व्यवसायले हाम्रो जीवनलाई कसरी सहयोग गरेको हुन्छ ?
घ) बिमाले के के कुरा चाहिँ गर्न सक्तैन ?
ङ) 'आर्थिक सङ्कट' र 'विपत्ति' को अर्थ लेख्नुहोस् ।

१०. तलको अनुच्छेद पढी मुख्यमुख्य चार टिपोट गरी एक तृतीयांश लेख्नुहोस् । ५

पृथ्वीका सम्पूर्ण जीवहरूले आफू जस्तै आफ्नो सन्तानको जन्म दिँदै आएका छन् । उद्‌भिज (वनस्पति, बिरुवा) होस् वा जीवजन्तु, सबैले जीवनलाई निरन्तरता दिएका छन् सन्तानोत्पादन प्रक्रियाबाट अर्थात् आफू जस्तै आफ्ना सन्तान जन्माएर । मानिसले मानिसलाई नै जन्म दिन्छ, डाँफेले डाँफेलाई, बाघले बाघलाई र माछाले माछालाई । धानबाट धान, केराबाट केरा र लाली गुराँसबाट लाली गुराँस नै पैदा हुन्छ । आमाबाबु दुबै गोरा छन् भने छोराछोरी प्रायः गोरै हुन्छन् । आमाबाबुको कपाल घुम्रेको छ भने तिनका सन्तानको कपाल पनि प्रायः घुम्रेकै हुन्छ । तर आमाबाबुमध्ये एक जनाको घुम्रेको र अर्काको सिधा परेको कपाल भएमा साथै एक जना अग्लो अर्को पुड्को भएमा छोराछोरीहरूमा पनि त्यस्ता गुण वा लक्षण देखिन्छन् । हुन त आमाबाबु दुबै पुड्का भए पनि तिनका छोराछोरीहरू अग्ला हुन सक्छन् । कपालको गुण वा रङको गुणमा पनि फरक हुन सक्छ तापनि आमाबाबुका गुण छोराछोरीमा सर्छन् । आमाबाबुबाट प्राप्त ती गुणहरूमध्ये कुनै प्रकट भएका हुन्छन् कुनै सुषुप्त अवस्थामा पनि रहेका हुन्छन् । वंशानुगत गुणहरूमा समानता कसरी आए र विविधता किन देखा परे भन्ने बारेको ज्ञान आनुवंशिकीको अध्ययनबाट प्राप्त गर्न सकिन्छ । आमाबाबुबाट छोराछोरीमा सरेका तिनै गुणहरू वंशानुगत गुण हुन् ।

११. वंशजका आधारमा नागरिकताको प्रमाणपत्र पाऊँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई एउटा निवेदन लेख्नुहोस् । ५

१२. 'बैदेशिक रोजगारप्रतिको आकर्षण' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेख्नुहोस् । ५

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् : १०
(क) हाम्रो संस्कृति : हाम्रो पहिचान
(ख) प्रतिभा पलायन
(ग) मलाई मन पर्ने कवि

१४.तलका प्रश्नको उत्तर दिनुहोस्: १०
क. 'भलादमी' निबन्धले अहिलेका भलादमीप्रति के कस्तो व्यङ्ग्य प्रस्तुत गरेको छ ? प्रतिक्रिया दिनुहोस् ।
ख. 'नेपालै नरहे' कवितामा राष्ट्र र राष्ट्रियताका सम्बन्धमा कस्तो दृष्टिकोण प्रस्तुत भएको छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

(१५) कुनै दुई प्रश्नको उत्तर दिनुहोस्: १०
(क) तलका गीति अंश पढी सोधिएका प्रशनको उत्तर दिनुहोस् :

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्भ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू
(अ) तराई सुनको टुक्रा भन्नुको तात्पर्य के हो ?
(आ) धर्तीका छोरा भनेर कसलाई भनिएको हो ?
(इ) माटो र पानी पहिलो धन कसरी हुन सक्छ ?
(ई) ए कहाँबाट हेरौँला संसार सन्भ्यालै नरहे भन्नुको आशय के हो ?
(उ) नेपाली नरहे नेपाल किन रहँदैन ?

(ख) तलको कथांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस् :
किसानहरू सबै कुरा सहन सक्छन् परन्तु वस्तुलाई अर्काले दया छाडेर कुटेको हेर्न सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन । असार महिनाभरि दिनभर जोत्नुपर्ने गोरु,उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन् । जुरुक्क उठेर भन्यो, बिउ नोक्सानी गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छन् ए धनजिते ।

प्रश्नहरू
(अ) किसानहरू किन आफ्ना वस्तुलाई अर्काले कुटेको हेर्न सक्दैनन ?
(आ) गुमानेको रिसको सीमा किन रहेन ?
(इ) गुमाने र धनजितेको बिच झगडा हुनको कारण के हो ?
(ई) असारका गोरु किन कुट्नु हुँदैन ?
(उ) सीमा र अर्मल शब्दको अर्थ लेख्नुहोस् ।

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस् :
समुन्द्रपारिका नारीहरूलाई बरू साथी बनाउन सजिलो होला तर आफ्नो देश, आफ्नो सहर र गाउँका, आफ्नो टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गारो पर्छ तर गारो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन । त्यसैले आइमाई साथी बनाउन सकिने किसिमको अवसर पर्दा म प्रायः पछि सर्ने गर्दिनँ ।

प्रश्नहरू
(अ) समुन्द्रपारिका नारीहरूलाई साथी बनाउन किन सजिलो होला ?
(आ) आफ्नै देशका नारीहरूलाई साथी बनाउन किन नसकिएको हो ?
(इ) गारो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन भन्नुको तात्पर्य के हो ?
(ई) निबन्धकारलाई किन आइमाई साथी बनाउन मन लागेको हो ?
(उ) यस निबन्धको मूल आशय के हो ?

१६. छिमेकी कथाका आधारमा " छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन्" भन्ने कुरालाई पुष्टि गर्नुहोस् । ५

समाप्त